श्री

विशेष अदालत काठमाडौं

इजलास

अध्यक्ष माननीय श्री टेक नारायण कुँवर

सदस्य माननीय श्री तेज नारायण सिंह राई

सदस्य माननीय श्री रितेन्द्र थापा

# संक्षिप्त फैसला

(इजलास नं.१)

मुद्दा नं.०८०-CR-००९८

दर्ता मितिः२०८०/१०/२५

फैसला मितिः२०८१/०९/२५/०५

निर्णय नं.-३०

नेपाल सरकार------------------------------------------------------------------------वादी

विरुद्ध

नेत्र प्रसाद जोशी समेत २४९--------------------------------------------------------प्रतिवादी

मुद्दाः टीकापुर नगर विकास समितिको जग्गा नक्कली कागजातका आधारमा गैरकानुनी तवरले व्यक्ति विशेषको नाममा हक हस्तान्तरण गरी भ्रष्टाचार गरेको।

१. यसमा, कैलाली जिल्लाको टिकापुर नगरपालिका-१ स्थित टिकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष लगायतका पदाधिकारी तथा पार्टी प्रतिनिधिहरुको मिलेमतोमा नक्कली कागजात खडा गरी नगर विकास समितिका प्लट घडेरी आफन्त लगायतका व्यक्तिको नाममा कम रकम बुझाई हक हस्तान्तरण गरेको हुँदा छानवीन गरी दोषीलाई कानून बमोजिम कारवाही गरी पाउँ भनी मिति २०७८/१२/२० मा परेको उजुरीको आधारमा प्रस्तुत मुद्दाको

अनुसन्धान गरी यस अदालतमा यो आरोपपत्र दायर हुन आएको देखिन्छ। आरोपपत्रमा २४९ जना व्यक्तिहरुलाई प्रतिवादी कायम गरिएको पाइन्छ। जसमा टिकापुर विकास समितिका तत्कालीन अध्यक्ष लगायतका पदाधिकारीहरु, सो समितिले गठन गरेका उप समितिका पदाधिकारीहरु, सो विकास समिति, मालपोत कार्यालय र नापी कार्यालयका केही अधिकृत तथा कर्मचारीहरु र समितिबाट जग्गा दा.खा. गर्ने प्रथम तहका खरिदकर्ताहरु तथा निजहरूबाट जग्गा खरिद गर्ने अन्य खरिदकर्ताहरू प्रतिवादीको रुपमा आरोपपत्रमा उल्लेख गरेको देखिन्छ।

२. आरोपपत्रको दावी अनुसार उपर्युक्त आरोपित विकास समिति गठन हुनुपूर्व समितिको जग्गा प्राप्त गर्न आवेदन गरी छनौट भएका र प्लट रजिष्टरमा नाम उल्लेख भएका तर दा.खा. नामसारी हुन बाँकी रहेका व्यक्तिहरुलाई प्रक्रियां पूरा गरी घडेरी जग्गा वितरण गर्ने प्रयोजनका लागि पुनः प्रमाण सहित निवेदन गर्नु भनी सूचना जारी गरेको पाइन्छ। विकास समितिका अध्यक्ष समेतका उल्लिखित प्रतिवादीहरूले त्यस्ता आवेदकहरुलाई जग्गा विक्री वितरण नगरी कीर्ते कागजातहरू तयार पारी आफ्नो नाता सम्वन्धका व्यक्तिहरू र प्लट रजिष्टरमा नाम भएका पूर्व आवेदकहरु भन्दा फरक व्यक्तिहरु समेतलाई कम रकम दाखिला गराई केहीमा रकम नै बैंक दाखिला नगरी केहीमा एउटै रसिद बहु व्यक्तिले प्रयोग गरी जग्गा दा.खा. नामसारी गरे/गराएको हुँदा उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ज), दफा ११, दफा २२ र दफा २४ बमोजिम कसूर गरेको भन्ने मागदावी लिई सो कसूरमा संलग्न भनिएका २४९ जना प्रतिवादीहरु विरुद्ध कानून बमोजिम सजाय मागदावी लिई उक्त जग्गाहरु जफत गर्ने समेत दावी गर्दै प्रस्तुत आरोपपत्र दायर भएको देखिन्छ।

३. उल्लिखित आरोपदाबी भएको प्रस्तुत मुद्दामा आरोपदाबी पुग्छ पुग्दैन? यदि पुग्छ भने कुन प्रतिवादीले के कस्तो कसूर गरेका हुन्? कसूर गरेको भए के कति सजाय हुने हो भन्ने प्रश्नमा केन्द्रित रहि निर्णय दिनुपर्ने देखियो।

४. निर्णयतर्फ हेर्दा आरोपदाबीमा उल्लिखित अधिकांश जग्गाहरु किर्ते कागजातको आधारमा विभिन्न व्यक्तिहरुका नाउँमा दा.खा. गरेको पुष्टि हुन्छ। विधि विज्ञान प्रयोगशालाबाट परीक्षण भएका अङ्गाको छाप र अक्षरहरुको बनावट समेत विश्लेषण गरी दाबीको कि.नं. का जग्गाहरुको दा.खा. नामसारी गर्ने व्यक्तिहरु अधिकांशले नक्कली कागजात पेस गरी जग्गा दा.खा. गरेको देखिन आउँछ।

५. मूलतः प्रतिवादी रहेका टिकापुर विकास समितिका अध्यक्ष नेत्र प्रसाद जोसी र निज अध्यक्ष रहेको समितिको निर्णयबाट गठित गणेश सिं रावल संयोजक भएको उपसमितिले बदनियतपूर्वक किर्ते प्रमाण राखि आवेदन गर्ने प्रथम तहका खरिदकर्ता व्यक्तिको नाममा जग्गा दा.खा.गर्न सिफारिस गरेको देखिन्छ। त्यसैगरी नापी तथा मालपोत कार्यालयका प्रमुखहरु र उक्त विकास

समितिका जिम्मेवार कर्मचारीबाट समेत यसअघि प्लट रजिष्टरमा अभिलिखित व्यक्तिहरु नै पछिल्लो सूचना अनुसार दा.खा. समेत गर्ने प्रयोजनका लागि सप्रमाण निवेदन गर्न आएका हुन् होइनन् भन्नेतर्फ गम्भिरतापूर्वक छानवीन, चेकजाँच नगरी बदनियत राखी, जानाजान त्यस्ता कृत्रिम प्रमाण पेश गरेका व्यक्तिहरूको नाममा जग्गा दा.खा.गर्न/गराउन भूमिका निर्वाह गरेको देखिन्छ। कतिपय पदाधिकारीहरूले आफ्नो नजिकका नातेदार भाई, भतिजा, साला, साली, ज्वाँइ इत्यादि नातेदारको नाममा जग्गा हस्तान्तरण गरे/गराएको अनुसन्धानबाट प्रमाण पेश भएको पाइन्छ। यसप्रकार पहिले नै निवेदन दिई दा.खा. नामसारी हुन बाँकी रहेका निवेदकहरुको घडेरी प्रमाणित पत्रमा भएका अंक, अक्षर र छापसँग यी प्रतिवादीहरु रहेको समितिले जारी गरेको सूचना पश्चात पेश भएका घडेरी प्रमाणित पत्र र घडेरी प्लटको असूली पूर्जी रसिदमा भएको अंक, अक्षर र छाप विशेषज्ञको जाँच प्रतिवेदन अनुरुप मिलेभिडेको देखिन आएन।

६. अतः व्यवस्थित बसोबास बसाउने, खासगरी न्यून आय भएका वाञ्चित समूहलाई प्राथमिकतामा राखी सुपथ मूल्यमा घडेरी उपलब्ध गराउने उद्देश्यले २०२८ सालदेखि दीर्घकालीन सोचका साथ सरकारले कार्यान्वयनमा ल्याएको उपर्युक्त आयोजनाको मूल मर्म विपरित स्वयम विकास समितिका जिम्मेवार पदाधिकारीहरु समेतको बदनियत र मिलेमतोबाट आफ्नो तोकिएको कर्तव्य र दायित्व भन्दा पर गएर लक्षित वर्ग समूह र पूर्व आवेदक भन्दा भिन्न आफ्ना नजिकका मानिसहरुलाई विकास समितिको जग्गा वितरण गरेको मिसिल संलग्न प्रमाणहरुबाट पुष्टि हुन आयो । यसरी उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज), दफा २२ र दफा २४ समेत वमोजिमको कसूर देखिन आयो।

७. मिति २०६५/०२/२० मा गठित नगर विकास समितिका अध्यक्ष नेत्रप्रसाद जोशी रहेको विकास समितिका निज अध्यक्ष नेत्र प्रसाद जोसी र सदस्यहरु उपर लगाइएको आरोपदाबी मुद्दाको तथ्य र संकलित प्रमाण एवं सम्वद्ध कानूनको आधारमा विवेचना गरी हेर्दा निज प्रतिवादी नेत्रप्रसाद जोसी अध्यक्ष रहेको नगर विकास समितिका पदाधिकारीहरु र सो समिति अन्तर्गत गठित उपसमितिका संयोजक एवं सदस्यहरुले कीर्ते तथा नक्कली प्रमाण कागजात पेश गरी दा.खा. नामसारी गरेका निवेदकहरुलाई बदनियतपूर्वक दा.खा.को लागि सिफारिस गरेको पाइन्छ। सो उपसमितिका संयोजक गणेश सिंह रावल तथा केही सदस्यले आफ्नो नजिकका नातेदार र परिवारका सदस्यको नाउँमा जग्गा प्राप्त गर्ने गरी सिफारिस गरेको देखिन्छ। सो सिफारिस गर्दा कतिपय निवेदकहरुलाई बीना घडेरी प्रमाणपत्र र बिना रसिद नै सिफारिस गरेको पाइन्छ। समितिका अध्यक्ष नेत्र प्रसाद जोसीले उपसिमितिले पेश गरेको प्रतिवेदन समितिको बोर्ड समक्ष समेत निर्णयार्थ प्रस्तुत नगरी आफ्नै एकल निर्णयको आधारमा दा.खा.को सिफारिस गरेको समेत देखिन आउँछ। तसर्थ निज नेत्र प्रसाद जोसी र उपसमितिका संयोजक प्रतिवादी

गणेश सिंह रावल तथा निजको संयोजकत्वमा गठित उपसमितिका सदस्यहरु श्याम खत्री, बम बहादुर बम, देवेन्द्र बहादुर कुँवर, पदमराज न्यौपाने, खडग बहादुर शाह एवम् उक्त समितिका सदस्यसचिव अम्वादत्त जोसी, योजना प्रमुख वलबहादुर कडायत, नापी अधिकृत मान बहादुर चन्द, मालपोत अधिकृत जयबहादुर विष्टले माथि उल्लिखित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) (ज) बमोजिमको कसूर गरेको प्रमाणित हुन आयो। अतः सो कसूरमा निज प्रतिवादीहरुमध्ये कसूरको मुख्य भूमिकामा रहेका प्रतिवादी नेत्र प्रसाद जोसी र गणेश सिंह रावललाई जनही १ वर्ष ६ महिना कैद र बिगोको दामासाहीले जनही रु.१३,०७,३००/४५ (रु.तेह लाख सात हजार तीन सय रुपैयाँ पैतालिस पैसा) जरिवाना हुने ठहर्छ। टिकापुर विकास समितिका अध्यक्ष प्रतिवादी नेत्र प्रसाद जोसीलाई उक्त ऐनको दफा २४ बमोजिम ३ महिना थप कैद समेत हुने ठहर्छ। अन्य प्रतिवादीहरु श्याम खत्री, बम बहादुर बम, देवेन्द्र कुँवर, पदमराज न्यौपाने, खडक बहादुर शाह, अम्वादत्त जोसी, वल बहादुर कडायत, मान बहादुर चन्द र जय बहादुर विष्टलाई कसूरमा निजहरुको भूमिका समेतलाई विचार गरी जनही ३ महिना कैद र बिगोको दामासाहीले जनही रु.१३,०७,३००/४५ (रु.तेह लाख सात हजार तीन सय रुपैयाँ पैतालिस पैसा) जरिवाना हुने ठहर्छ।

८. त्यस्तै, मिति २०६७/१२/२२ देखि २०६८/०७/१५ र २०६९/०१/१७ देखि २०७०/०१/२५ सम्म कार्यरत उक्त विकास समितिका अध्यक्ष ललित ताम्राकार र निजको अध्यक्षतामा गठित उपसमितिका पदाधिकारीहरु एवं मिति २०७०/०१/२६ देखि २०७१/१२/०७ सम्म कार्यरत उक्त विकास समितिका अध्यक्ष धिजराज रेग्मीको हकमा हेर्दा, निजहरु उपर कीर्ते तथा नक्कली कागजात पेश गरी गराई जग्गा दा.खा. नामसारी गरेको भनी आरोपदावी रहेकोमा विधिविज्ञान प्रयोगशालामा परीक्षण गर्न पठाइएका नमूना कागजातहरु २०५६, २०५७ र २०५८ सालको रहेको पाइयो। जुन अवधिको लिखत कागजातहरुलाई आधार मानी परीक्षण गरिएको हो, सो मिति भन्दा पछि अर्थात् २०५९/०१/०८ पछि मात्र अभिलिखित प्लट रजिष्टर खडा गरी घडेरी प्रमाणित पत्र दिएको देखिएकोमा समकालीन लिखतसंग तुलना गरेको नपाईदा त्यस्तो असम्बद्ध लिखतसंग गरिएको तुलना र सोबाट निकालिएको निष्कर्षलाई प्रमाणग्राह्य मान्न सकिएन। यसका अतिरिक्त निज प्रतिवादीहरुले कुनै नाता सम्बन्धका व्यक्ति, नातेदार वा आफन्तलाई सिफारिस गरेको समेत नपाईंदा निज प्रतिवादीहरुलाई अनुमान र शंकाको भरमा कसूरदार ठहर गर्न मनासिव देखिएन। तसर्थ निज प्रतिवादीहरु ललित ताम्राकार, धिजराज रेग्मी, प्रेम सिंह वि.क., भरत स्वार, वेदराज जोसी ढुंगाना, दयाराम संज्याल, पूर्ण बहादुर बोगटी, अमर बहादुर कडायत, मदन कुँवर र ताराप्रसाद सञ्यालले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ। उक्त उपसमितिका सदस्य श्याम खत्रीको हकमा संयोजक गणेश सिंह रावल रहेको उपसमितिको सिफारिसकर्ताको रुपमा कसूरदार ठहरु

भए तापनि यस समिति अन्तर्गतको उपसमितिको काम र कारवाहीको हदसम्म दोषी देखिन आएन।

९. साथै प्रतिवादीहरु निमित्त योजना प्रमुख झप्पर बहादुर वि.क., नापी अधिकृत गणेश बहादुर बम, खरिदार धनिराम भण्डारी, सब-ईन्जिनियर नेत्र बहादुर रावल र फिल्ड सुपरभाइजर देवीलाल घिमिरेको आरोपित कसूरमा निर्णायक भूमिका रहेको नदेखिंदा निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ।

१०. निम्न प्रतिवादीहरुले कीर्ते कागजात पेश गरी जग्गा दा.खा. नामसारीको लागि निवेदन दिई प्रथम तहमा रहेर दा.खा. नामसारी गरेको देखिन आएकोले निज व्यक्तिहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसूरमा दफा २२ को प्रतिबन्धात्मक वाक्यांश अनुरुपको कसूरको मतियारको रुपमा सहभागी भएको देखिंदा निज प्रतिवादीहरुलाई प्रतिवादी अम्बादत्त जोशी समेतका कसूरदार सरह मानी जनही तीन महिना कैद र आ-आफ्नो जग्गाको बिगो अनुरुप जरिवाना हुने एवं निजहरुको नाममा कायम जग्गा जफत भई टिकापुर विकास समितिको कायम हुने समेत ठहर्छ। निज प्रतिवादीहरु मध्येका केशर बहादुर कुँवर तथा राजु आचार्य विवादित निवेदन दिएको मितिमा अन्यत्र रहेको प्रमाण पेश गरेको र निजहरुको हस्ताक्षर समेत जाँच भएको नदेखिंदा निजहरुको नाउँमा गएको कि.नं. ५२९८ तथा ५४०४ का जग्गा जफत हुने भए तापनि कसूरजन्य कार्यमा सहभागी भएको देखिने प्रमाणको अभावमा आरोपित कसूरबाट सफाई पाउने ठहर्छ।

११. माथि उल्लिखित प्रतिवादीहरुको नाउँमा जो जससंग जुन जुन कि.नं. र क्षे.फ.का जग्गाहरु कायम रहेका छन् ती जग्गाहरु एवं तह तह हक हस्तान्तरण भई हाल प्रतिवादी कायम गरिएका जो जसको नाउँमा रहेको छ, उक्त जग्गाहरु समेत जफत भई टिकापुर विकास समितिकै नाममा कायम हुने ठहर्छ। जग्गा जफत भएका प्रतिवादीहरुले जग्गा खरिद गर्दा तिरे बुझाएको रकम कानूनबमोजिम सम्बन्धित विक्रिकर्तासंग दाबी गरी लिन पाउने नै हुँदा सो तर्फ थप केही बोलीरहनु परेन। उल्लिखित प्रतिवादीहरु बाहेक अन्य प्रतिवादीहरुको हकमा मिसिल संलग्न प्रमाणबाट आरोपित कसूर गरेको पुष्टि हुन नआएकोले आरोपदाबीबाट सफाई पाउने ठहर्छ। साथै माथि ठहर भए बमोजिम बाहेक अन्य कुरोमा आरोपदाबी पुग्न सक्दैन।

सदस्य | सदस्य | अध्यक्ष

इति सम्वत् २०८१ साल पौष महिना २५ गते रोज ५ शुभम्..................।